# नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी विनियमहरूको नाम "नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३" रहेको छ ।

(२) यो विनियमावली संबत २०६३ साल आश्विन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "उप-समिति" भन्नाले समितिले आफ्नो काममा सघाउ पु¥याउन कुनै विशेष कामको लागि गठन गरेको उप-समिति सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिका सदस्य सम्झनु पर्छ ।

(छ) "संचालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले गभर्नर र डेपुटी गभर्नर समेतलाई जनाउंछ ।

(ज) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(झ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(ञ) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ ।

(ट) “बैठक” भन्नाले समितिको बैठक सम्झनु पर्छ ।

(ठ) “छाप” भन्नाले बैंकको छाप सम्झनु पर्छ ।

(ड) “लोगो” भन्नाले बैंकको लोगो सम्झनु पर्छ ।

## परिच्छेद - २
## समितिको बैठक सम्बन्धी कार्यविधि र काम कर्तव्य तथा अधिकार

३. समितिको बैठक बोलाउने: (१) समितिको बैठक गभर्नरले वोलाउने छ । तर समितिको तीन जना संचालकले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा गभर्नरले समितिको बैठक वोलाउनु पर्नेछ ।

(२) साधारणतया बैठक बस्ने मितिले कम्तिमा तीन दिन अगावै अध्यक्षको निर्देशानुसार सचिवले बैठकमा छलफल गरिने बिषयहरुको अनुसूची-१ बमोजिमको प्रस्तावको सूचीका साथै बैठक बस्ने मिति, स्थान र समयको सूचना प्रत्येक सदस्यको ठेगानामा पठाउनु पर्नेछ ।
तर अति आवश्यक परेमा तीन दिनभन्दा कम समयको सूचनाद्वारा पनि अध्यक्षले बैठक बोलाउन सक्नेछ ।

४. समितिको वैठक र सोको संचालन: (१) समितिको बैठक बैंकको आवश्यकता अनुसार बस्न सक्नेछ । तर महिनाको कम्तीमा एक पटक समितिको बैठक बस्नु पर्नेछ ।

(२) समितिको बैठक सामान्यतया बैंकको केन्द्रीय कार्यालयमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता गभर्नरले गर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता गर्ने व्यक्ति र कम्तिमा तीन जना संचालकको उपस्थिति भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ । तर तीन जना संचालक मध्ये एक जना आर्थिक, मौद्रिक, बैकिङ्ग, वित्तीय तथा वाणिज्य कानूनको क्षेत्रका लव्धप्रतिष्ठित व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको संचालक हुनु अनिवार्य हुनेछ ।

(५) बहुमतको निर्णय समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकमा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय गर्ने क्रममा संचालकले प्रस्तावको पक्ष वा विपक्षमा मौखिक रुपमा मत जाहेर गर्नु पर्नेछ । प्रस्तावको पक्ष वा विपक्षमा संचालकहरुको के कस्तो मत रहेको थियो सो कुरा निर्णय पुस्तिकामा आवश्यकता अनुसार खुलाउनु पर्नेछ ।

५. बैठकमा छलफल गरिने बिषय: (१) अध्यक्षको निर्देशानुसार बैठकमा छलफल गर्न सूचित गरिएका विषयहरु उपरमात्र बैठकमा छलफल हुनेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैठकमा छलफल गर्नु पर्ने भनी कुनै सदस्यले अध्यक्षलाई एक हप्ता अगावै लिखित सूचना दिएको विषयमा वा बैठकमा उपस्थित सदस्यहरु मध्ये दुई तिहाई सदस्यको मन्जुरी रहेको विषयमा पूर्व सूचित नगरेको कारणबाट बैठकमा छलफल गर्न बाधा पुगेको मानिने छैन ।

६. बैठकको निर्णय अभिलेखको रुपमा राख्ने: सचिवले अध्यक्षको निर्देशानुसार यथाशीघ्र बैठकको निर्णयको मस्यौदा कम्प्यूटर टाइपबाट तयार गरी सदस्यहरु समक्ष दस्तखतको लागि पठाउनु पर्नेछ । सचिवले निर्णय मस्यौदालाई अन्तिम रुप दिई उक्त बैठकमा उपस्थित सबै सञ्चालकहरुको दस्तखत गराउनु पर्नेछ । बैठकको निर्णय पुस्तिका (माइन्युट बूक) संधै सुरक्षित राख्नु पर्नेछ । कम्प्युटरबाट टाइप गरी तयार पारेको संचालक समितिको निर्णयको विद्युतीय प्रति समेत सुरक्षित राख्नु पर्नेछ ।#

७. समितिको काम, कर्तव्य तथा अधिकार: समितिको काम, कर्तव्य तथा अधिकार ऐनको दफा २९ मा उल्लेख भए अनुसार देहाय बमोजिम हुनेछ :-

(क) मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्ने ।

(ख) बैंक नोट तथा सिक्काको दर, चित्र, आकार, धातु, नोट छपाई गर्ने वस्तु वा अन्य पदार्थ सम्बन्धमा आवश्यक निर्णय गर्ने र सो को निष्काशनका सम्बन्धमा आवश्यक नीतिको तर्जुमा गर्ने ।

(ग) वाणिज्य बैंक तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गराउने व्यवस्था र बैंकिङ्ग तथा वित्तीय व्यवस्थाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने ।

(घ) बैंकको नियम तथा विनियम स्वीकृत गर्ने र बैंकको सञ्चालन र व्यवस्थापनमा लागू हुने नीति निर्माण गर्ने ।

(ङ) बैंकका कर्मचारीहरुको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तभरण, उपदान, संचयकोष, विदा, आचरण तथा सेवा सम्बन्धी अन्य शर्तहरु बारे नीति निर्धारण गर्ने ।

(च) बैंकको लागि वार्षिक कार्यक्रम र बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब स्वीकृत गर्ने र सोको प्रतिवेदन जानकारीको लागि नेपाल सरकारमा पेश गर्ने ।

(छ) बैंकको काम कारबाही बारेको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई इजाजतपत्र दिने र रद्द गर्ने सम्बन्धमा नीति निर्माण गर्ने ।

(झ) बैंकले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने ।

*# समितिको बैठक संख्या ८४/२०७२ मिति २०७२।१२।२२ बाट थप तथा संशोधन ।*

(ञ) बैंकले वाणिज्य बैंक तथा वित्तीय संस्थालाई दिने कर्जा तथा पुनर्कर्जाको रकम, सीमा तथा शर्तको निर्धारण गर्ने ।

(ट) अन्तर्राष्ट्रिय संघ, संस्थामा बैंकको सदस्यता सम्बन्धमा निर्णय गर्ने ।

(ठ) बैंकको वित्तीय श्रोत परिचालन र लगानी नीति निर्माण गर्ने ।

(ड) ऐनमा संशोधन गर्नु पर्ने आवश्यकता देखिएमा सो को कारण खुलाई नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने ।

(ढ) ऐन अन्तर्गत गभर्नरको अधिकार क्षेत्रभित्र पर्ने बाहेकका अरु सबै विषयमा निर्णय गर्ने ।

(ण) समितिमा रहेका अधिकारहरु अवधि तोकी वा नतोकी गभर्नर वा समितिद्वारा गठित उपसमितिलाई प्रत्यायोजन गर्ने ।

८. उप-समिति गठन गर्न सक्ने: (१) समितिको काममा सघाउ पुऱ्याउन समितिले कुनै विशेष कामको लागि आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ र त्यसरी गठन गरिएको उप-समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा समयावधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिम गठन भएको उप-समितिका संयोजक तथा सदस्यहरूले समितिले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

## परिच्छेद - ३
## संचालकहरुको कर्तव्य

९. निहित व्यक्तिगत स्वार्थको उपयोगमा वन्देज: (१) गभर्नर, डेपुटी गभर्नर वा संचालकले आफु उक्त पदमा नियुक्त भएपछि प्रत्येक छ महिनामा आफ्नो वा आफ्नो परिवारको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै व्यापारिक स्वार्थ वा सरोकार छ भने सो विषयमा अनुसूची-२ बमोजिमको ढांचामा विवरण भरी समितिलाई जानकारी दिनु पर्नेछ ।

(२) गभर्नर, डेपुटी गभर्नर वा संचालकको निजी स्वार्थ भएको कुनै प्रस्तावउपर समितिमा छलफल हुने रहेछ भने सो छलफल शुरु हुनुभन्दा अगावै निजले सो बारेमा समितिलाई जानकारी दिनु पर्नेछ ।

(३) उपविनियम (१) तथा (२) बमोजिम समितिमा प्राप्त हुन आएको जानकारीको अभिलेख राखिनेछ । कुनै संचालकको आफ्नो व्यापारिक स्वार्थ वा सरोकार रहेको विषयमा छलफल तथा निर्णय हुने भएमा त्यस्तो संचालकले समितिको उक्त विषयको छलफलमा भाग लिन पाउने छैन ।

१०. अयोग्यताको सूचना दिनु पर्ने: कुनै सदस्य ऐनको दफा २१ बमोजिम बैंकको संचालक रहन अयोग्य भएमा निजले वा निज अयोग्य भएको थाहा पाउने कुनै

संचालकले थाहा पाउनासाथ समितिलाई सो व्यहोरा सूचित गर्नु पर्नेछ । समितिले नेपाल सरकारलाई सोको जानकारी तुरुन्त दिनु पर्नेछ ।

११. सदस्यले आफ्नो ठेगाना दिनु पर्ने: समितिका हरेक सदस्यले आफ्नो पुरा ठेगाना सहितको जानकारी सचिवलाई दिनु पर्नेछ र सोमा कुनै हेरफेर भएमा सो समेत तत्काल जानकारी दिनु पर्नेछ ।

१२. अनुपस्थितिको सूचना दिनु पर्ने: समितिका सदस्यले कुनै कारणबाट आफू वैठकमा उपस्थित हुन असमर्थ हुने भएमा काबुबाहिरको परिस्थितिमा बाहेक सो को पूर्व जानकारी अध्यक्षलाई दिनु पर्नेछ ।

## परिच्छेद - ४
## सचिवको व्यवस्था र निजको काम तथा कर्तव्य

१३. सचिवको व्यवस्था: (१) गभर्नरले बैंकको अधिकृत प्रथम श्रेणीको पदमा कार्यरत कुनै अधिकृतलाई समितिको सचिवको कामकाज गर्ने गरी खटाउनेछ ।

(२) विरामी परी, विदामा वसी वा अन्य कुनै कारण परी सचिवले आफ्नो काम गर्न नसक्ने भएमा गभर्नरले बैंकको कुनै बरिष्ठ अधिकृतलाई सचिवको काम काज गर्ने गरी खटाउने वा कायम मुकायम मुकरर गर्नेछ ।

१४. सचिवको काम तथा कर्तव्य: (१) सचिवले अध्यक्षको मातहतमा रही कार्य गर्नेछ ।

(२) सचिवको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ:-

(क) अध्यक्षको निर्देशानुसार समितिको बैठक बोलाउने तथा सो सम्बन्धी जानकारी तथा सूचना सदस्यहरु समक्ष पठाउने ।

(ख) समितिलाई अध्ययन तथा मूल्याङ्कनको निमित्त आवश्यक पर्ने सूचना, तथ्याङ्क, विवरण, जानकारी वा कागजात सम्बन्धित निकायबाट माग गर्ने तथा लिने ।

(ग) समितिको बैठकको निर्णयको मस्यौदा कम्प्यूटरबाट टाइप गर्ने र सोको आधारमा अन्तिम निर्णय तयार गर्ने ।#

(घ) समितिमा पेश गर्नु पर्ने प्रतिवेदन तयार गरी पेश गर्ने ।

(ङ) समितिले गरेका निर्णयको माईन्यूट तयार गरी संचालकहरुको दस्तखत गराई सुरक्षितसाथ राख्ने,

*# समितिको बैठक संख्या ८४/२०७२ मिति २०७२।१२।२२ बाट थप तथा संशोधन ।*

(च) समितिले गरेका निर्णय वा निर्देशनको जानकारी सम्बन्धित निकायलाई गराउने ।

(छ) समितिबाट समय-समयमा भएका निर्णय वा निर्देशनको कार्यान्वयन गर्ने गराउने ।

(ज) समितिबाट भएका निर्णयहरु आवश्यकता अनुरुप प्रमाणित गरी उपलब्ध गराउने ।

(झ) आवश्यकता अनुरुप समितिका निर्णयहरुको प्रतिलिपी उतार गर्ने तथा प्रमाणित गर्ने ।

(ञ) अध्यक्षको निर्देशनमा रही समिति सम्बन्धी अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ५
## छाप र लोगो तथा सो चलाउने कार्यविधि

१५. छाप: (१) बैंकको कामकाजको सिलसिलामा एक निश्चित छापको प्रयोग गरिनेछ र यस्तो छापको नमूना अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।
(२) बैंकको कार्य संचालनको लागि विभिन्न विभाग वा कार्यालय संकेतक शब्दहरु भएको छाप समेत गभर्नरको स्वीकृति लिई प्रयोग गर्न सकिनेछ ।

१६. छाप लगाइने कागजात र छापको प्रयोग: बैंकको छाप देहायका कागजातमा लगाइनेछ:-
(क) बैंकको तर्फबाट नेपाल सरकार वा बिदेशी संघ संस्थासंग गरिने सम्झौतापत्रहरु तथा सोसंग सम्बन्धित पत्राचार ।
(ख) बाणिज्य बैंक, वित्तीय संस्था, गैरसरकारी संस्था तथा अन्य संघ संस्थासंग हुने पत्राचार तथा लिखत ।
(ग) तमसुक लगायत अन्य लिखित कागज ।
(घ) बैंकबाट प्रमाणित गरिदिनु पर्ने देखिएका अन्य कागजात ।

१७. छाप लगाईएकोमा निस्सा लगाउने: विनियम १६ मा उल्लिखित कुनै कागजातमा बैंकको छाप लगाउंदा गभर्नर, डेपुटी गभर्नर वा लिखतमा दस्तखत गर्ने अधिकार प्राप्त अधिकारीको उपस्थितीमा मात्र लगाईने छ र यस्तो उपस्थितिको प्रमाण स्वरुप ती अधिकारीले बैंकको छाप लागेको सो कागजमा आफ्नो सहीछाप गर्नु पर्नेछ ।

१८. लोगो: बैंकको कामकाजको सिलसिलामा एक निश्चित लोगोको प्रयोग गरिनेछ र यस्तो लोगोको नमूना अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

१९. लोगोको प्रयोग: बैंकको लोगोको प्रयोग देहायका कागजातमा हुनेछ:-

(क) बैंकबाट छपाइ गरिने बैंक नोट ।

(ख) बैंकको पत्राचारमा प्रयोग गरिने कागजात ।

(ग) बैंकको लोगो राख्न आवश्यक देखिएका अन्य कागजात ।

## परिच्छेद - ६
## विविध

२०. व्याख्या गर्ने अधिकार: यो विनियमावलीको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

२१. आदेश निर्णय आदि प्रमाणित गर्ने: (१) समितिको निर्णय सचिवको दस्तखतबाट प्रमाणित गरिनेछ ।

(क) समितिको बैठकको निर्णय कम्प्यूटरबाट टाइप गरी पुस्तिकाको रूपमा अन्तिम निर्णय तयार गर्ने व्यवस्था २०७३ वैशाख १ गतेदेखि लागु गर्ने ।#

(२) गभर्नरको आदेश वा निर्णय सम्बन्धित अधिकृत वा गभर्नरद्वारा अख्तियार प्राप्त कर्मचारीले प्रमाणित गर्नेछ ।

२२. बचाऊ*: नेपाल राष्ट्र बैंक सामान्य नियमहरु, २०२४ अन्तर्गत भए गरेका सबै कामकारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

*द्रष्टव्य: नेपाल राष्ट्र बैंक, कार्य व्यवस्था नियमावली, २०५९ को नियम १४ को उपनियम (२) बमोजिम नेपाल राष्ट्र बैंकको संचालक समितिले मिति २०६३ साल आश्विन १ गतेदेखि नेपाल राष्ट्र बैंक सामान्य नियमहरु, २०२४ खारेज हुने गरी मिति तोकेको ।

*# समितिको बैठक संख्या ८४/२०७२ मिति २०७२।१२।२२ बाट थप तथा संशोधन ।*

**अनुसूची - १**

**(विनियम ३ को उप विनियम (२) सँग सम्बन्धित)**

## सञ्चालक समितिमा पेश गर्ने प्रस्तावको ढाँचा

# नेपाल राष्ट्र बैंक

## ................................ विभाग/कार्यालय

१. **विषयः**

२. **प्रस्ताव नं.:** .......................

३. **प्रस्तावको विषय :** ................................

४. **संचालक समितिमा पेश गर्न गभर्नरबाट निर्देशन भएको मिति :** ...........................

५. **प्रस्तावको संक्षिप्त व्यहोराः-**

६. **प्रस्ताव कार्यान्वयन गर्ने सम्बन्धमा विभागीय विवेचना तथा राय :** *(यस खण्डमा विषय वस्तुको संक्षिप्त पृष्ठभूमि, प्रस्ताव कार्यान्वियन गर्दा सृजना हुने जोखिम, जोखिम न्यूनीकरणका उपाय, कानूनी राय, प्रस्ताव कार्यान्वियनले विभिन्न क्षेत्रमा पर्ने प्रभाव र प्रस्ताव कार्यान्वियन गर्ने कार्ययोजना (Action Plan) समेत आवश्यकता अनुसार समावेश गरी विवेचना गर्नु पर्ने)*

७. **प्रस्तावको सन्दर्भमा यस अघि सञ्चालक समितिमा निर्णय भएको भए सो निर्णयको उतार :**

८. **प्रस्तावको कार्यान्वयनबाट बैंकलाई पर्ने व्यय भार :**

९. **संचालक समितिले नै निर्णय गर्न सक्ने वा नेपाल सरकार समक्ष स्वीकृतिको लागि पठाउनु पर्ने :**

१०. **निर्णय हुनु पर्नेः-** *(यस खण्डमा प्रस्तावित निर्णयको मस्यौदा उल्लेख गर्ने ।)*

**पेश गरेको मितिः-** **विभागीय प्रमुखको दस्तखत**

**अनुसूची - २**
(विनियम ९ को उप-विनियम (१) संग सम्बन्धित)
<u>ब्यापारिक स्वार्थ वा सरोकारको बिबरण</u>

१. विवरण पेश गर्ने संचालकको,-
(क) नाम, थर:
(ख) पद :
(ग) ठेगाना:

२. विवरणको अवधि:

३. विवरणको व्यहोरा:
(क)
(ख)
(ग)
(घ)
(ङ)

विवरण पेश गर्ने संचालकको,-
दस्तखत:
मिति:

द्रष्टव्य:
बैंकका गभर्नर, डेपुटी गभर्नर वा संचालकले बैंकको कामसंग सम्बन्धित कुनै कुरामा आफ्नो वा आफ्नो परिवारका सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै स्वार्थ वा सरोकार छ भने सो को व्यहोरा बुंदा नं.३ मा उल्लेख गरी छ/छ महिनामा समितिलाई जानकारी दिनु पर्नेछ ।

## अनुसूची - ३

**(विनियम १५ को उप-विनियम (१) संग सम्बन्धित)**

बैंकको छाप

द्रष्टव्य:

(१) बैंकका बिभिन्न विभाग तथा कार्यालयहरुले उल्लिखित ढांचाको छापमा आफ्नो विभाग वा कार्यालयको नाम राखी छापको प्रयोग गर्नु पर्नेछ ।

(२) बैंकका विभिन्न विभाग तथा कार्यालयहरुले उल्लिखित ढांचाको छापमा “नेपाल राष्ट्र बैंक” र आफ्नो विभाग वा कार्यालयको नामलाई अंग्रेजी भाषामा समेत अनुवाद गरी आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछन् ।

**अनुसूची - ४**

**(विनियम १८ संग सम्बन्धित)**

बैंकको लोगो